**यदि यो उल्था गरिएको दस्तावेज र यसको अंग्रेजी/चिनीयाँ संस्करणमा कुनै भिन्नता भएमा वा बाझीएमा अंग्रेजी/चिनीयाँ संस्करण मान्य हुनेछ ।**

## खाता खोल्ने सम्बन्धी उपयोगी जानकारी

### खाता खोल्ने

हालैका वर्षहरूमा, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ), आतंककारी क्रियाकलापमा लगानी गर्ने र कर छली जस्ता अवैध क्रियाकलापहरूको सामना गर्न अन्तर्राष्ट्रिय प्रयत्नहरूलाई हवात्तै वढाइएको छ । यसले विभिन्न लागू गरिएको प्रतिबन्धहरूसँग मिलेर बैंकहरूलाई विद्यमान र नयाँ ग्राहकहरूको पहिचान पूर्णरूपले झल्किने गरी (कष्टमर ड्यू डेलिगेन्स् अर्थात CDD) गर्ने प्रक्रिया सहित सम्पत्ति शुद्धीकरण गर्ने र सामान्यरूपमा आतंककारी क्रियाकलापमा लगानी गर्ने विरूद्धको कार्यलाई सामना गर्नका लागि झन् कडा बनाउनका लागि प्रेरित गरेको छ । तसर्थ, पाँच वा दश वर्ष अगाडिको तुलनामा अहिले खाता खोल्ने प्रक्रिया वास्तवमै वढी जटिल भएको छ र लामो समयको आवश्यकता पर्दछ ।

स्थानीय आवश्यकताहरूको अलावा, बाहेक, केही बैंकहरूलाई उनीहरूको मुख्यालन वा र विदेशी निकायहरूद्वारा पारित आवश्यकता वा मापदण्डहरूको पालना गर्न पनि आवश्यक हुन्छ । तसर्थ यी बैंकहरूको खाता खोल्ने शर्त (आवश्यकता)हरू फरक हुनसक्छ । यदि तपाईंले बैंक खाता खोल्न चाहनुहुन्छ भने, आफ्ना आवश्यकताहरूसँग मेल खाने सेवाहरू बीच तुलना गर्न र छनौट गर्न धेरै बैंकहरूमा गएर बुझ्न फलदायी हुनेछ ।

तपाईंसँग खाता खोल्ने वा खाताको विवरण अद्यावधिक गर्ने बारेमा कुनै राय वा जिज्ञासाहरू छन् भने, कृपया HKMA लाई सम्पर्क गर्नुहोस् ।

इमेल: accountopening@hkma.gov.hk

## 1. खाता खोल्ने प्रक्रिया

खाताहरू खोल्नुभन्दा अगाडि ग्राहकहरूको पृष्ठभूमि र आवश्यकताहरू बुझ्नको लागि बैंकलाई CDD लागू गर्नु आवश्यक हुन्छ । यसले बैंकलाई आफ्ना ग्राहकहरूलाई उपयुक्त बैंकिङ सेवाहरू उपलब्ध गराउन मद्दत गर्दछ । ग्राहकले बैंकद्वारा CDD प्रक्रिया लागू गर्नको लागि बैंकलाई प्रर्याप्त जानकारी उपलब्ध गराउनुभएको छ वा छैन भन्ने आधारमा, सामान्य अवस्थामा खाता खोल्ने प्रक्रिया केही दिनभित्र पूरा गर्न सकिन्छ ।

| | |
|---|---|
| व्यक्तिगत ग्राहक | कर्पोरेट (संथागत) ग्राहक<br>(अनलाइन/ फोनबाट पहिले नै सोधपूछ/अपोइन्टमेन्ट राख्नको लागि सम्पर्क गर्न सुझाव दिइन्छ) |
| सम्पूर्ण आवश्यक कागजातहरू जम्मा गर्नुहोस् र शाखामा प्रत्यक्ष रूपमा वा इन्टरनेट मार्फत आवेदनहरू पेश गर्नुहोस् | |
| बैंकद्वारा आन्तरिक स्वीकृति | |
| थप कागजातहरू/जानकारी पेश गर्नुहोस् (आवश्यक भएमा ) | |
| बैंकद्वारा खाता खोल्ने आवेदनको नतिजाको सूचना | |

## 2. आवश्यक पर्ने विवरण

अन्य वित्तीय केन्द्रहरूको जस्तै, हरेक बैंकहरूले आफ्नो व्यावसायिक रणनीतिहरू र जोखिमको मूल्याङ्कनहरूको अनुसार आफ्ना नीतिहरू तर्जूमा गर्नेहुंदा हङकङका बैंकहरूसँग खाता खोल्नको लागि आवश्यक पर्ने विवरणको समान जाँचसूची (चेकलिष्ट) छैन । यसको अतिरिक्त स्थानीय आवश्यकताहरू

बाहेक, केही बैंकहरूलाई उनीहरूको मूख्यालहरू र विदेशी निकायहरूद्वारा अनिवार्यरूपमा पालना गर्न बनाइएका आवश्यकता वा मापदण्डहरूको पालना गर्नुपर्ने हुन्छ। तसर्थ यी बैंकहरूको खाता खोल्ने आवश्यकताहरू फरक हुनसक्छ।

सामान्यरूपमा, व्यक्तिगत वा कर्पोरेट बैंक खाताहरूको आवेदनहरूको कार्यवाही गर्दा बैंकहरूले निम्नलिखित जानकारी माग्न वा आवश्यक कागजातहरूको सक्कली प्रति माग गर्न सक्दछन्।

(a) व्यक्तिगत ग्राहक:

(i) पहिचान खुल्ने कागजातहरू, उदाहरणका लागि:

(A) परिचय पत्र

(B) पासपोट वा ट्राभल डकुमेन्ट

(ii) ठेगानाको प्रमाण, उदाहरणको लागि:

(A) यूटिलिटि कम्पनी (खानेपानी, बिजुली आदी) ले जारी गरेको बिल

(B) वित्तीय संस्थाद्वारा जारी गरिएको स्टेटमेन्ट वा चिठी

(C) सरकारी विभाग वा निकायको चिठी

(D) ग्राहकद्वारा उपलब्ध गराइएको ठेगानामा खाता खोल्ने आवेदनको कार्यवाही चलाएको बैंकद्वारा पठाइएको पत्रको जवाफमा ग्राहकद्वारा उक्त पत्र बुझेको भनी हस्ताक्षर गरिएको पत्र

(E) आन्तरिक राजस्व विभागद्वारा स्ट्याम्प गरिएको टेनेसी सम्झौता

(F) बैंक सन्तुष्ट हुने कुनै अन्य ठेगानाको प्रमाण

**कृपया माथि उल्लेख गरिएको खाता खोल्नको लागि आवश्यक विवरणहरू जानकारीको लागि मात्र भएको कुरामा ध्यान दिनुहोस्। वास्तविक परिस्थितिहरू (जस्तै आवेदकहरूको पृष्ठभूमि, अनुरोध गरिएका**

**बैंकिङ सेवाहरू, आदि) र तिनका जोखिमको मूल्याङ्कनको अनुसार, बैंकले आवेदकबाट अन्य वा थप जानकारी र कागजातहरू जस्तै Foreign Account Tax Compliance Act (FATCA) र Automatic Exchange of Financial Account Information (AEOI), आदिसँग सम्बन्धित जानकारी र कागजातहरू पेश गर्न आग्रह गर्न सक्छ । ग्राहकहरूले आवश्यक जानकारीको लागि जाँच गर्न सम्बन्धित बैंकहरूलाई सम्पर्क गर्न वा तिनीहरूको वेबसाइटवाट थाहा पाउन सक्छन् ।**

(b) कर्पोरेट ग्राहक:

(i) संस्थाको पहिचान खुल्ने कागजातहरू, उदाहरणका लागि:

(A) कम्पनीको दर्ता प्रमाणपत्र

(B) कम्पनी रजिस्ट्रीबाट जारी का कम्पनीको रिपोर्ट

(C) कम्पनीको प्रवन्धनपत्र र नियमावली

(ii) लाभकारी मालिक(हरू) को जानकारी, उदाहरणको लागि:

(A) हितग्राही (बेनेफिशरी) मालिक(हरू)को पहिचान खुल्ने कागजात

(iii) कम्पनीको स्वामित्व र नियन्त्रण ढाँचाको यथार्थ विवरण खाताको प्रयोजन र अभिप्रेरित प्रकृति, उदाहरणका लागि:

(A) खाताको प्रयोजन

(B) अपेक्षित खाताको क्रियाकलापहरू

(C) व्यावसायिक प्रकृति र सञ्चालनको प्रक्रिया

(iv) ग्राहकको सट्टामा कार्य गर्ने व्यक्तिको सूचना, उदाहरणका लागि:

(A) ग्राहकको तर्फवाट कार्य गर्ने व्यक्तिको पहिचान खुल्ने कागजात

(B) उक्त व्यक्तिले अधिकार प्राप्त गरेको कागजात

**कृपया माथि  उल्लेख गरिएको खाता खोल्नको लागि आवश्यक विवरण जानकारीको लागि मात्र हो भन्ने  ध्यान दिनुहोस् । वास्तविक परिस्थितिहरू (जस्तै आवेदकहरूको पृष्ठभूमि, अनुरोध गरिएका बैंकिङ सेवाहरू, आदि) र तिनका जोखिमको मूल्याङ्कनको अनुसार, बैंकलाई आवेदकले अन्य प्रकारका वा थप जानकारी र कागजातहरू जस्तै Foreign Account Tax Compliance Act (FATCA) र Automatic Exchange of Financial Account Information (AEOI), आदिसँग सम्बन्धित जानकारी र कागजातहरू पेश गर्न आवश्यक हुन्छ । ग्राहकहरूले आवश्यक जानकारीको लागि सम्बन्धित बैंकहरूलाई सम्पर्क गर्न वा तिनीहरूको वेबसाइटहरूमा जान सक्छन् ।**

3. **आवेदन अस्वीकार गरियो भने के हुन्छ?**

(a) सामान्यरूपमा, बैंकहरूले खाता खोल्ने आवेदनहरू अस्वीकार गर्दा  कारणहरू उपलब्ध गराउनुपर्छ । यसका अतिरिक्त, असफल आवेदकहरूको लागि बैंकहरूले पुनरावलोकन संयन्त्रको स्थापना गरेका हुन्छन्  *[to embed link]* (अंग्रेजी र चाइनिजमा उपलब्ध बैंकहरूको सम्वद्ध सम्पर्क जानकारीको लागि लिङ्कमा क्लिक गर्नुहोस्) । अस्वीकृत  आवेदकले सम्बन्धित बैंकहरूलाई आफ्नो खाता खोल्ने आवेदनलाई  पुन-जाँच्न गर्नको लागि अनुरोध गर्न सक्नुहुन्छ ।

(b) खाता खोल्नको लागि अर्को बैंकमा जानुहोस् । कृपया बैंकहरूको सम्पर्क विवरणहरू  हेर्नुहोस् *[to embed link]* (अंग्रेजी र चाइनिजमा  उपलब्ध बैंकहरूको सम्वद्ध  सम्पर्क जानकारीको  लागि लिङ्कमा क्लिक गर्नुहोस्) ।

(c) टिप्पणीहरू वा सोधपूछ गर्न HKMA  (इमेल: accountopening@hkma.gov.hk) लाई सम्पर्क गर्नुहोस् ।

## 4. खाताको विवरण अद्यावधिक गर्ने

AML/CFT (सम्पत्ति शुद्धीकरण/आतंककारी क्रियाकलाप लगानी विरूद्ध लड्ने) का अन्तर्राष्ट्रिय मानदण्डहरू अनुसार, खाता खोल्ने निवेदन माथि कार्यवाही गर्दा CDD प्रक्रिया लागू गर्नुको अतिरिक्त, बैंकहरूले नियमितरूपमा विद्यमान ग्राहकहरूको जानकारी समीक्षा र अद्यावधिक गर्न आवश्यक हुन्छ । पुनरावलोकनको संख्या र सीमा सम्बन्धित ग्राहकहरूको जोखिमको प्रोफाइलमा भर पर्नेछ । तसर्थ, बैंक खाताहरू धेरै वर्षदेखि कायम राखिएको भए तापनि तपाईले ग्राहक जानकारी वा खाता क्रियाकलापहरू अद्यावधिक गर्न सम्वन्धमा बैंकहरूबाट पत्रहरू प्राप्त गर्न सक्नुहुन्छ । तैपनि , यस प्रक्रियामा ग्राहकहरूलाई सहायता गर्नको लागि बैंकहरूले प्रयत्न गर्नुपर्छ । यदि बैंकहरूले अनुरोध गरेको जानकारी पूरा गर्न ग्राहकहरूलाई कठिनाइ भएमा , उनीहरूले छलफल गर्नको लागि बैंकलाई फोन गर्न सक्छन् ।

अद्यावधिक जानकारीले बैंकहरूलाई ग्राहकहरूलाई जालसाजीको जोखिम र वित्तीय अपराधबाट सुरक्षा गर्नको लागि मद्दतको साथसाथै यसले बैंकहरूलाई ग्राहकहरूको आवश्यकताहरूलाई राम्रोसँग बुझ्न र एकदमै उपयुक्त सेवा तथा प्रडक्ट उपलब्ध गराउन पनि मद्दत गर्दछ ।

## 5. बैंकहरूले निम्नलिखित कुराहरू गर्नुहुँदैन...

CDD प्रक्रियालाई सञ्चालन गर्दा, बैंकहरूले जोखिम मूल्याङ्कनमा औचित्यपूर्ण नहुने वा असमानुपातिक आग्रहहरू आफ्ना ग्राहकहरूसँग गर्नु हुँदैन । यसमा निम्न कुराहरू समावेश हुन सक्छन्, उदाहरणका लागि:

(a) विदेशी कार्पोरेटका सम्पूर्ण निर्देशकहरू र हितग्राही मालिकहरू खाता खोल्ने बेलामा सवै उपस्थित हुन आवश्यक बनाउनु ;

(b) विदेशी कार्पोरेटका सम्पूर्ण कागजातहरू हङकङको प्रमाणकर्ताद्वारा प्रमाणित गराउन अनिवार्य बनाउने;

(c) भख्खरै स्थापना गरेको कम्पनीलाई, लामो समय देखि स्थापित कम्पनीलाई जस्तै विगतका वर्षहरूको विस्तृत कार्य वा उपलब्धिको अभिलेख (ट्र्याक रेकर्ड), विजनेस प्लान तथा राजस्व प्रक्षेपणहरू माग गर्नु;

(d) व्यावसायिक नमूना वा सञ्चालनको मोडललाई ध्यान नदिइकन सम्पूर्ण विदेशी कर्पोरेटहरूवाट हङकङ व्यावसायिक दर्ताको प्रमाणपत्र वा हङकङमा कार्यालय भएको प्रमाणको अपेक्षा गर्नु;

(e) प्रस्ताव गरिएको सेवा (जस्तै, MPF खाता, सानो ब्यालेन्ससहितको आधारभूत बैंकिङ सेवा) को प्रकार र सम्वन्धले ल्याउन सक्ने जोखिम माथि विचारै नगरी, सम्पत्तिको स्रोतको अत्याधिक वा अति विस्तृत जानकारी माग्नु जसका लागि कहिलेकाहीँ दशकौं पछाडी जानुपर्ने हुनसक्छ, जुन जानकारी ग्राहकले उपलब्ध गराउन कठिन वा असम्भव हुनुन्छ; र

(f) अपेक्षित वा वास्तविक बिक्री जस्ता अनुचित उच्च मापदण्डहरूको आधारमा खाता खोल्न अस्वीकार गर्नु ।

## 6. HKMA को भूमिका

HKMA ले केही कर्पोरेट ग्राहकहरूले सामना गरेको खाता खोल्नेसँग सम्बन्धित समस्यालाई सामना गर्नको लागि केही कदमहर चालेको छ । हाम्रो उद्देश्य भनेको हङकङमा मजबुत AML/CFT व्यवस्था कायम राख्ने हो जसले वैध व्यवसायीहरू र साधारण नागरिकहरूद्वारा आधारभूत बैंकिङ सेवाहरूको पहुँचलाई कमजोर बनाउदैन ।

*(a) खाता खोल्ने समस्या हङकङमा व्याप्त छ ?*

HKMA द्वारा संकलित टिप्पणीहरू र जानकारीको आधारमा, विदेशी साना र मझौला इन्टरप्राइजेजहरू (SMEs) र भख्खरै शुरूवात गरेको कम्पनीहरूले बैंक खाता खोल्न समाना गरेको कठिनाइहरू उद्योग-व्यापी समस्याको रूपमा देखा पर्दैन । यो समस्या सामान्य रूपमा बैंक खाता खोल्न खोजिरहेका धेरै कम्पनीहरूको लागि पहिलो रोजाई भएको एक वा दुई अन्तराष्ट्रिय बैंकहरूमा छ । HKMA ले सेप्टेम्बर 2016 मा सम्पूर्ण बैंकहरूको लागि "De-risking र Financial Inclusion" बारे परिपत्र जारी गरेपछि अवस्थामा केही सुधार आएको छ ।

*(b) खाता खोल्ने समस्यालाई सम्बोधन गर्नको लागि HKMA ले के गरेको छ ?*

HKMA ले बैंक खाता खोल्ने कठिनाइहरूसँग सम्बन्धित समस्यालाई ठूलो महत्त्वका साथ हेर्दछ र निम्न कुराहरू सहितको श्रृंखलाबद्ध फलो-अप कार्यको प्रारम्भ गरेको छ :

(i) हामीले बैंक खाता खोल्ने कठिनाइहरूसँग सम्बन्धित अवस्थाहरूको बारेमा गहिराईमा र पूर्ण रूपमा बुझ्न, विशेष घटनाहरूको वारेमा विस्तृत जानकारीहरू संकलन गर्नका लागि विभिन्न प्रकारका विदेशी र स्थानीय बाणिज्य संघ (चेम्वर अफ कमर्स) र SME एसोसिएसनहरू सहित विभिन्न सरोकारवालाहरूलाई संलग्न गरेका छौं र उक्त घटनाहरू त्यसै अनुरूप बैंकहरूसँग फलो अप गरेकाछौं ।

(ii) HKMA ले 8 सेप्टेम्बर 2016 मा बैंकहरूले खाता खोल्ने आवेदनकहरू र विद्यमान ग्राहकहरूको ग्राहक पहिचान प्रक्रिया कार्यान्वयन गर्दा "जोखिममा आधारित" अवधारणा अपनाउनु पर्छ भनी "De-risking and Financial Inclusion" नामको परिपत्र जारी गरी दोहोर्‍याएका थियौं ।

बैंकहरूले निम्न कुराहरू सहित सम्पूर्ण विद्यमान र सम्भावित ग्राहकहरूलाई उचित र निष्पक्ष व्यवहार को सुनिश्चितता गर्नुपर्छ :

(A) CDD प्रक्रियाको लागि आवश्यक जानकारी र कागजातको बारेमा स्पष्ट रूपमा उल्लेख गरेर, आग्रह गरिएको जानकारीको औचित्यलाई व्याख्या गरेर, CDD प्रक्रियालाई पुरा गर्न कदमहरू चाल्न वा विकल्पहरू उपलब्ध गराउन ग्राहकहरूलाई सहायता गरेर र असफल आवेदकहरूको लागि पुनरावलोकन संयन्त्रको बारेमा जानकारी दिएर खाता खोल्ने र CDD प्रक्रियाको पारदर्शितालाई वृद्धि गर्ने;

(B) ग्राहकहरूसँगको प्रभावकारी संवादलाई कायम गर्ने, उदाहरणका लागि ग्राहकहरूको आवेदनहरूको प्रगतिको बारेमा अन्तरिम आवधिक जानकारी, समयमानै उनीहरूको आवेदनको नतिजाको जानकारी र यदि आवेदन अस्वीकृत भएको छ भने अस्वीकार गरिनुको उचित कारण ग्राहकहरूलाई उपलब्ध गराएर।

(iii) बैंकहरूले समानरूपमा सम्वद्ध उपायहरूको कार्यान्वयनलाई सुनिश्चित गर्नको लागि आफ्ना फ्रन्टलाइनका कर्मचारीलाई पर्याप्त प्रशिक्षण पनि उपलब्ध गराउनुपर्छ।

(iv) HKMA ले केही आमरूपमा गलत अर्थ लगाइएको CDD को आवश्यकताहरू बैंकहरूसँग स्पष्ट पार्नको लागि 29 सेप्टेम्बर 2016 र 25 मे 2017 मा थप CDD को बारेमा प्रायः सोधिने प्रश्नहरू" जारी गरेको थियो।

(v) हामीले खाता खोल्ने र खाताको जानकारी अद्यावधिक गर्दा हुने कठिनाइहरूसँग सम्बन्धित जनताका विचारहरू र जिज्ञासाहरू हेर्नका लागि एक कार्यदल गठन गरेका छौं र सरोकारवालाहरूसँग सञ्चार गर्नको लागि HKMA को वेबसाइटमा एक विशेष पेजको विकास गरेका छौं।

(vi) बैंकहरूको ग्राहकहरूसँगको सञ्चारलाई अभिवृद्धि गर्नको लागि ल्याएका उपयहको प्रभावकारिता मापन र मूल्याङ्कन गर्नको लागि HKMA ले मिस्ट्री शपिङ कार्यक्रमहरूको आयोजन गर्नेछ र बैंकहरूले कार्यान्वयन गर्ने "जोखिममा आधारित" अवधारणाको निरीक्षण गर्न विषयगत स्थलगत निरीक्षण गर्नेछ।

***(c) बैंकहरूले खाता खोल्दा "जोखिममा-आधारित" प्रक्रिया पद्धति लागू गर्दै छन् भन्नुको अर्थ के हो ?***

"जोखिममा आधारित" भनेको बैंकहरूले सबै ग्राहकहरूको व्यक्तिगत जोखिमका स्तरहरूलाई उनीहरूको पृष्ठभूमि र अवस्थाहरूका आधारमा छुट्टाउनु पर्दछ र समानुपातिक जोखिम न्युनिकरण गर्ने र CDD प्रक्रियाहरू लागू गर्नुपर्दछ नकि "सबैलाई-एकै खालको आवश्यकता ("one-size-fits-all") को अवधारणा।

राय वा जिज्ञासाहरू

तपाईंसँग खाता खोल्ने वा खाताको विवरण अद्यावधिक गर्ने बारेमा कुनै राय वा जिज्ञासाहरू छन् भने, कृपया HKMA लाई सम्पर्क गर्नुहोस्।

इमेल: accountopening@hkma.gov.hk